संवत् २०८१ साल भाद्र २४ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००२/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
| --- | --- | --- |
| १ | प्राविधिक/ राजश्व शाखा | यस थाहा नगरपालिकाको नदि जन्य पदार्थको उत्खनून कार्यलाई व्यवस्थित गर्न तथा उत्खनून कार्यलाई वैज्ञानिक बनाउदै वातावरण संरक्षण समेत गर्न गराउनका लागि यस थाहा नगरपालिका कार्यालयले प्रस्ताव गरी परामर्शदाता श्री निकास ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्सी मार्फत तयार भएको थाहा ७ को चल्ती खोला, थाहा ८ को आग्रा खोला ,थाहा १, २ र ३ भई बग्ने पालुङ्ग खोला ,थाहा १,५ र ६ भई बग्ने गहते खोला तथा बाराही खोलाको प्रारम्भिक वातावरणीय परिक्षणको अन्तिम प्रतिवेदन कार्यपालिकामा पेश भएकोमा सर्वसम्मतीका साथ पारित गर्दै नियमानुसार स्वीकृतीका लागि जिल्ला समन्वय समितिमा पेश गर्ने । |
| २ | कानून/शिक्षा शाखा | थाहा नगरपालिकाको उपप्रमुख शैक्षिक वृति कोष सञ्चालन कार्यविधी २०८१ को देहायका व्यवस्थाहरुलाई संशोधन गर्ने तथा छात्रवृतिका लागि सुचना आव्हान गर्ने निर्णय गरियो । |
| ३ | योजना/आर्थिक प्रशासन | थाहा नगरपालिकामा पेश हुन आएका ठेक्काबाट सञ्चालित योजनाहरुको म्याद थप गर्ने |
| ४ | राजश्व/ प्राविधिक शाखा | यस थाहा नगरपालिकाको राजस्व व्यवस्थापन तथा संकलन सम्बन्धमाः<br>क) २०८०।८१ अमानतमा दिइएको ढुङ्गा गिट्टीको उत्खनून तथा निकासी कर वापतको रकम नगरपालिकामा दाखिला गर्न बाँकी रहेका क्रमशः थाहा-३ का इश्वरमान गोपालीको रु.७ लाख ३७ हजार रुपैयाँ मात्र, थाहा -१ का विकास बलामीको रु.४ लाख अट्चालिस हजार ५८ रुपैयाँ मात्र र थाहा -८ का राहुल थापाको रु. २ लाख २८ हजार मात्र यहि मिति २०८१ असोज ५ गते भित्र अनिवार्य रुपमा नगरपालिकामा दाखिला गराउन पत्राचार गर्ने र उक्त म्याद पछि नियमानुसार कार्वाही प्रक्रिया अघि बढाउने ।<br>ख) चित्लाङ चन्द्रागिरी थानकोट सडक निर्माण सरोकार समिति र थाहा नगरपालिकाबीच वडा नं ९ मा रहेको चामखोलाको प्राकृतिक स्रोत (ढुङ्गा, माटो) एकमुष्ट बिक्रि गरी १९ लाख ६३ हजार ६५८ रुपैंया मात्र राजश्व संकलन गर्न सहमत भई सम्झौता भएकोमा निज चित्लाङ चन्द्रागिरी थानकोट सडक निर्माण सरोकार समिति (राजन बस्नेत) ले तिर्न बाँकि रकम रु १४ लाख ६३ हजार ६५८ रुपैंया मात्र हाल सम्म पनि दाखिला हुन नआएकाले सो सम्बन्धमा वडा नं ९ मार्फत समितिका पदाधिकारीसँग आवश्यक छलफल गरि सो सम्बन्धमा के गर्ने ? भनि सिफारीस गरी सोहि बमोजिम गर्ने ।<br>ग) नदिजन्य पदार्थको निकासी कर संकलनका लागि नगरपालिका मार्फत करार सेवामा राखिएका वडा नं ७ का युनिक राज मुक्तानको कार्यसम्पादन सन्तोषजनक नभएको तथा ७ र ८ दुवै वडा हुँदै हुने निकासीको कर संकलन गर्न एकै व्यक्ति मार्फत हुन सम्भव नहुने देखिएकोमा ७ र ८ तथा वडा नं ५ का लागि एक एक जना कर संकलकहरु सिफारीस गर्न सम्बन्धीत वडाहरु अनुरोध गर्ने ।<br>घ) लामो समय देखि नवीकरण नभएका क्रशर व्यवसायहरुलाई नगरपालिकाको व्यवसाय कर तिर्नका लागि पत्राचार गर्दै क्रशर व्यवसायको कच्चा पदार्थको श्रोत क्षेत्र र उक्त क्षेत्रको ~~[illegible]~~ IEE प्रतिवेदन सहित ७ दिन भित्र कार्यालयमा सम्पर्क राख्नका लागि पत्राचार गर्ने । |

| | | |
|---|---|---|
| ५.१ | | घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र पाउँ भनी जुमेरा निर्माण सेवा प्रा.लि. का सञ्चालन राजु विष्टबाट निवेदन प्राप्त भएको र घ वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७७ को अनुसूची ५ बमोजिम योग्यता पुगकाले घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्नका लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय बमोजिम नगर प्रमुख ज्यू स्तरीय निर्णयबाट इजाजत पत्र प्रदान गरिएकोमा सो निर्णय अनुमोदन गर्ने । |
| ५.२ | राजश्व/ प्राविधिक शाखा | गहते खोला र खैटे खोलामा मोटरेवल पुल निर्माणका लागि थाहा नगरपालिकाले गरेको संक्षिप्त वातावरणिय अध्ययन द्यभ्क को अन्तिम प्रतिवेदन कार्यपालिकामा पेश भएकोमा उक्त प्रतिवेदनलाई पारित गर्ने । |
| ५.३ | एमआइएस/ प्रशासन शाखा | थाहा नगरपालिका राष्ट्रिय परिचयपत्र लागु गरिने पहिलो चरणको पालिकाको रुपमा छनौट भएको र पालिकाले विगतमा जिल्ला प्रशासन कार्यालयको सहयोगमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुलाई शिविर सञ्चालन गरी राष्ट्रिय परिचयपत्रका लागिं फोटो खिचाउदै आएकोमा भौगोलिक अवस्था र सेवा लिने नागरिकका चापका कारण सेवा प्रवाहमा असहजता भएकाले वर्षैभरी नगरपालिका तथा आसपासका पालिकाका नागरिकहरुलाई समेत सेवा प्रदान गर्ने गरी आवश्यक स्टेशन लगाएतको सहायताका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, काठमाण्डौलाई अनुरोध गरी पठाउने । |
| ५.४ | प्रशासन/शिक्षा शाखा | बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय मार्फत थाहा नगरपालिकाको वडा नं ६,९ र ११ का सामुदायिक विद्यालयहरु क्रमश : बज्रवाराही मा.वि, स्वच्छन्द भैरव मा.वि र बागेश्वरी मा.वि.लाई चालु आ.व. ०८१/०८२ का लागि विद्यालय बस सञ्चालनका लागि छनौट भएकोमा उक्त विद्यालयहरुलाई प्राप्त हुने बस सञ्चालनको खर्च यस पालिका मार्फत गर्ने प्रतिबद्धता व्यक्त गर्ने । |
| ५.६ | कानून/सूचना शाखा | थाहा नगरपालिकाको जलश्रोत उपयोग कार्यविधी २०७७ लाई देहाय बमोजिम संशोधन गर्ने । |
| ५.७ | कानून/सूचना शाखा | थाहा नगरपालिकाको धार्मिक क्षेत्रहरुलाई विकास तथा व्यवस्थापन गर्नका लागि प्रस्ताव भएको थाहा नगरपालिका क्षेत्रको ऐतिहासिक, धार्मिक, सम्पदा एवम सांस्कृतिक क्षेत्र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ लाई पारित गर्ने निर्णय गरियो । |
| ५.७ | भवन/राजश्व/ प्रशासन शाखा | अब उप्रान्त थाहा नगरपालिका भित्र सरकारी तथा नेपाल सरकारको पूर्ण वा आशिंक स्वमित्वमा संचालित निकायहरु तथा संगठित संस्थाहरुले घर भाडामा लिनुअघि भवन संहिता तथा मापदण्ड अनुसार भए नभएको जाँच गराएर भवन निर्माण सम्पन्न प्रतिवेदन भएका उपयुक्त भवन मात्र भाडामा लिन पाउने । यसअघि कुनै सरकारी तथा नेपाल सरकारको पूर्ण वा आशिंक स्वमित्वमा संचालित निकायहरु तथा संगठित संस्थाहरुले निर्माण सम्पन्न प्रतिवेदन नभएका भवन भाडामा लिएकोमा अविलम्ब निर्माण सम्पन्न प्रतिवेदन भएको भवनमा सर्नुपर्ने । यस विपरीत भाडा सम्झौता गरेमा वा गरेकोमा कार्यालय प्रमुख ब्यक्तिगत रुपमा जिम्मेवार हुने । |

(हिरेन्द्र कुमार रायमाझी)

प्रवक्ता

नगर कार्यपालिकाको कार्यालय
थाहा नगरपालिका
इन्द्राणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल